# गंगादेव गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## आन्तरिक लेखापरिक्षण शाखा
## सानडाँडा रोल्पा
## लुम्बिनी प्रदेश नेपाल

गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा रोल्पा लुम्बिनी प्रदेश नेपाल २०७३

पत्रसंख्याः२०८०/०८१
च.नं.

मितिः२०८०/०४/३०

विषयः आन्तरिक लेखापरिक्षण प्रतिवेदन।

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू
गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को विनियोजन/राजस्व/ धरौटी/ अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१/४/३० मा छलफल पश्चात् तयार गरिएको पाना १४ (चौध) को प्रतिवेदन यसैसाथ छ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा लुम्बिनी प्रदेश, आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ३५(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत /कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा अनुरोध गर्दछु ।

**बोधार्थ तथा कार्यार्थः**
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
श्री महालेखा परिक्षकको कार्यालय काठमाण्डौ ,

उपप पुकारा वली
आ.ले.प.

## आर्थिक कारोबारको स्थिती

| कार्यालय र स्थानःगंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा<br>आर्थिक वर्ष: २०८०।०८१ | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | शालिकराम बस्नेत | २०८०/०४/०१ | २०८०/०८/२० | २०७३३२९.८७ |
| | दुर्गबहादुर ओली | २०८०/०८/२१ | हाल सम्म कार्यरत | |
| | | | | |
| लेखा प्रमुख | प्रेम खत्री | २०७८/०९/27 | हाल सम्म कार्यरत | |

## आन्तरिक लेखापरीक्षणको प्रतिवेदन

स्थानीय सञ्चितकोष :- आर्थिक बर्ष २०८०/०८१ को सञ्चितकोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०८०/०८१ | | |
|---|---|---|
| **सि.नं** | **लेखापरीक्षणबाट देखिएका व्यहोराहरु** | **रकम रु** |
| | कार्यालयको आ.व. २०८०/०८१ को प्रस्तुत आर्थिक विवरण र सो सगँ सम्बन्धित आर्थिक कारोबारोको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना का आधारमा लेखापरिक्षण गरीएको छ । लेखापरीक्षण गर्दा जटील प्राविधिक विषय सिमित समय कमजोर अभिलेख एंवम सुचनाको अपर्यासताको सिमा भित्र रही लेखापरीक्षण सम्पन्न गरी देखीएका व्यहोरा उपर कार्यालयका सम्बद्ध पदाधिकारीहरुसगँ मिती २०८१/०४/१५ मा छलफल पश्चात कायम भएका व्यहोराहरु निम्नानुसार छन् । | |
| | **वित्तिय विवरणबाट देखिएका व्यहोरा** | |
| **1.** | **आय विवरण –** कार्यालयको आय-व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणहरु तयार तथा स्वीकृती गरी तोकिएको ढाँचामा लेखापरीक्षणमा पेश भएन। त्यस्तै स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्; | |
| **1.1.** | सञ्चित कोष र अन्य खर्च शिर्षकहरुको बैङ्क नगदी किताब कार्यालय प्रमुख तथा लेखा प्रमुखबाट प्रमाणित गर्ने गरेको छैन। | |
| | | |
| **1.2.** | सञ्चित कोषको बैंक नगदी किताव तयार गरेपनि भौचर उठाई आम्दानी खर्चको लेखाँकन गरेको छैन ।श्रोतगत आम्दानी तथा खर्च खातामा रकम ट्रान्सफर गर्दा गोश्वार भौचर उठाई कार्यालय प्रमुखबाट आम्दानी खर्च कारोवारको स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेमा नगरेकोले भौचर उठाई भौचर र | |

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०८०/०८१ | | |
|---|---|---|
| | कारोवारलाई पुष्टि गर्ने कागजात समेतको फाईल तयार गर्नु पर्दछ । | |
| 1.3. | **सञ्चित कोषको चौमासिक विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चितकोषमा भएको आय व्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थमन्त्रालय, प्रदेश अर्थमन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले प्रत्येक वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाउनु पर्दछ । | |
| 1.4. | **आन्तरिक नियन्त्रण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७८ बमोजिम स्थानीयतहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षता पूर्णढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कायालयले आन्तरिक नियन्त्रण कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्;<br>क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,<br>ख) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>घ) पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>ङ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिदयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>च) लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार कार्यालयले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालय, विद्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गर्नुपर्नेमा गरेको छैन,<br>छ) लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४८(१) अनुसार खरिद भएका जिन्सी मालसामानको विवरण र मूल्य खुलाई जिन्सी कितावमा सातदिन भित्र आम्दानी बाँधी स्रेस्ता अद्यावधिक राख्नुपर्नेमा अधिकांश खरिद भएका जिन्सी मालसामानहरुको स्पेशिफिकेशन नखुलाई जिन्सी दाखिला गर्ने गरेको,<br>ज) खरिद भएका कतिपय सामानहरूको दाखिला प्रतिवेदन फाराममा दाखिला नं. राखे नगरेको, एकै प्रकारको जिन्सी सामान फरक फरक जिन्सी कितावमा दाखिला गरेको,<br>झ) वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । | |

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०८०/८१ | | | |
|---|---|---|---|
| | ञ) | जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन, जिन्सी निरीक्षण प्रतिवेदनले औल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा कार्यान्वयन नभएको, | |
| | ट) | जिन्सी कितावमा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेमा नगरेको, | |
| | ठ) | कार्यालयले ग्याविन वर्कको कार्य गर्दा ग्याविनको स्पेशिफिकेशन खुलाएको छैन। सो कार्यमा हेभिकोटेट ग्याविन प्रयोग भएको भने पनि हेभिकोटेट वा कमर्शियल कोटेट ग्याविन सम्बन्धमा एकिन गर्न सकिएन, | |
| | ड) | मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। | |
| | ढ) | कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन, | |
| | ण) | स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । | |
| | त) | ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन, | |
| | थ) | दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। | |
| | द) | स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन। | |
| | ध) | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन, | |
| | न) | संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कार्यालयबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन, | |
| | प) | वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन, | |
| | फ) | योजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । | |
| | ब) | सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्ने मा अधिकांश योजनामा गरेको पाईएन। | |
| | भ) | विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरु बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित रहेको पाईयो, | |
| | म) | सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ र १९ अनुसार | |

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०८०/०८१ | | |
|---|---|---|
| | नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्नेमा गरेको छैन,<br>य) **अभिलेख** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ङ) अनुसार कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन,<br>र) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिलर कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेखन भएको,<br>ल) निर्माण कार्यको कार्य सम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुजपेपरमा भर्ने गरेको पाइयो।<br>अतःयोजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन,<br>व) निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलबि प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्नेमा तलवि प्रतिवेदन पारित गरेको छैन,<br>श) कार्यालयले सवारी लगबुक नराखी इन्धन खर्च लेखेको छ,<br>ष) वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।<br>कार्यालयले प्रचलित ऐन, नियम र कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्नाको साथै ऐन, नियमको अधिनमा रही कार्यालको लागि, आवश्यक पर्ने आन्तरिक नियन्त्रण कार्यबिधि तयार गरी प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु क्रमश सुधार गर्दै जानु पर्दछ।यस सम्बन्धमा कार्यविधि बनाई क्रमश सुधार गर्ने कार्यालयको भनाई रहेको छ। | |
| **1.5.** | **बजेट तथा कार्यक्रम तर्फ** | |
| **1.6.** | **राजश्व परामर्श** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्वपरामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेतको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजश्वको अनुमानगर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ।राजश्व परामर्श समितिले बैठक बसी राजश्वको दर,क्षेत्र तथा अनुमानित राजश्व निर्धारण गरी बजेट निर्माण प्रक्रियालाई पुर्णता दिनु पर्ने । | |
| **1.7.** | **स्रोत अनुमान समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) मा स्रोत अनुमान तथा बजेट सिमानिर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकि करण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ।कार्यालयले स्रोत अनुमान समित गठन गरेको देखिएन । ऐन बमोजिम समिति गठन गरी श्रोत अनुमान गर्ने, वडामा बजेट सिलिङ पठाउने लगायत ऐनको भावना कार्य गरिनु पर्दछ । | |
| **1.8.** | **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ६७ (२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण,वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन | |

गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा रोल्पा लुम्बिनी प्रदेश नेपाल २०७४



| | | |
|---|---|---|
| | नदिने लगायतका कार्य गर्नुपर्दछ। कार्यालयले बजेट तर्जुमा गर्न बजेट तर्जुमा समितिको गठन भएको छैन । यसमा सुधार हुनुपर्दछ । | |
| 1.9. | **लक्ष्य प्रगति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रस्तरीय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नुपर्दछ। | |
| | | |
| 2. | **विविध खर्च**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फ १६२२०००/-खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| 3. | | |
| 4. | **कन्टिन्जेन्सी खर्च अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमान बढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गरेको देखिएता पनि कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी नराखेकोले कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा व्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ। | |
| 5. | **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसारसार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिद सँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावली ले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नु पर्ने देखिन्छ। | |
| 6. | **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४को नियम८५(१)अनुसार रु.५ लाख रुपैया सम्म लागत अनुमान भएकोमा सामान, नियम८५(१ख) अनुसार सार्वजनिक निकाय ले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढि सोझै खरिद गर्न नसकिने व्यवस्था भएकाले यस कार्यालयले विभिन्न कम्पनी ,फर्म ,सप्लार्यस मार्फत एक वर्षमा पटक-पटक खरिद गरेको खरिद प्रक्रिया नियम संगत मान्न नसकिने । | |
| 7. | **उपभोक्ता समितिको कार्य** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता | |

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०८०/०८१ | | |
|---|---|---|
| | समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर,मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। | |
| | | |
| 8. | **उपभोक्ता समितिले श्रमदानमा योगदान नगरेको :-** लागत अनुमान तयार गर्दा र सम्झौता गर्दा उपभोक्ता समितिले व्यहोर्ने अंश १०प्रतिशतको हाराहारीमा रहेकोमा कुनै पनि योजनामा उपभोक्ता समितिले श्रमदान गरेको देखिएन। श्रमदान नगरेको अवस्थामा नगद सहभागिता पनि भएको छैन। उपभोक्ता समितिले जिम्मा लिएको अधिकाशं सडकको निर्माण सम्बन्धी काम निर्माण व्यवसायीवाट गराएको र मूल्याँकन अनुसार भुक्तानी हुने रकमको हाराहारीमा निर्माण व्यवसायीको विल राखी भुक्तानी खर्च लेखेको छ। कार्यालयसंग उपभोक्ता समितिले सम्झौतागरी जिम्मा लिएको काम आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने कार्यको अन्त्यहुनुका साथै उपभोक्ताको श्रम वा लागत सहभागीता देखिने गरी लागत अनुमान तयार गरि कार्य हुनुपर्दछ। | |
| 9. | **शिक्षातर्फ** | |
| 10. | **निकासा रकमको स्पष्ट श्रेश्ता नभएको :-** कार्यालयले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्रर राख्नुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी विवरण अद्यावधिक गर्नुपर्दछ । | |
| | स्थानीय तहले निजी विद्यालयहरुको अनुगमन गरी निर्देशिकाले तोके अनुसार अध्ययन शुल्क निर्धारण गर्नुपर्नेमा अनुगमन गरी सो अनुसारको कार्य गरेको छैन। | |
| 11. | **शिक्षक, दरवन्दी–** शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं. १२ अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ । गाउँपालिकाले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन सम्बन्धमा कुनै पहल गरेको छैन। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप शिक्षक पदपुर्ति गराई नियमित पठन पाठन गराउनुपर्दछ। | |
| 12. | खरिद गरेका. औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सो को मूल्य राष्ट्रिय पत्रपत्रिका मा प्रकाशन समेत भएको नदेखिएकाले सो को विवरण समेत खुल्ने खालको औषधी कम्पनीबाट औषधी खरिद गर्ने कार्य तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।<br>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०८०/०८१ | | |
|---|---|---|
| | | |
| 13. | औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेकोले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको,तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन नगरी हस्तान्तरण गरेको छ ।औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यानदिनुपर्दछ। | |
| 14. | परामर्श सेवा खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ६ को नियम ७२ को उपनियम १ अनुसार सार्वजनिक निकायले बिस लाख रुपैंया भन्दा कम रकमको परामर्श सेवा ऐनको दफाँ ६ क बमोजिम मौजुदा सुचिमा रहेका परामर्श दाताबाट परामर्श सेवाको खरिद गर्नु पर्ने कानुनी व्यवस्था भएता पनि कार्यालयले गा पा भित्रको विभिन्न ठाउँको डि पि आर गर्दा तिन वटा शिर्षकमा बजेट टुक्रा बनाई ऐन विपरित डि पि आर कार्यक्रमको खरिद गरेको पाईयो एउटै प्रयोजनको कार्यको लागी ठेक्का गर्दा अनिवार्य ई विडीङ गर्नुपर्ने कानुनी प्रावधानको पालना गर्नु पर्ने । | |
| | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रममा गाउँपालिकाको ५० प्रतिशत अनुदान र कृषकको ५० प्रतिशत अनुदान रहने गरी (पकेट) विकास कार्यक्रम कृषक समुह संग सम्झौता गरेको छ। उक्त समुहहरु सगँ कार्य सञ्चालनको लागी कार्यालयले स्वीकृत जिल्ला दररेट वा जिल्ला दररेट निर्धारण नभएको अवस्थामा सम्बन्धित कृषी फर्महरु सगँ दररेट माग गरी लागत ईष्टमेट तयार गरेर मात्र कार्य गर्नको लागी सम्बन्धित समुह सगँ कार्यसञ्चालनको लागी सम्झौता गर्नुपर्नेमा सो नगरी समुहकै आर्थिक प्रस्थापनाका आधारमा कार्य गर्ने गरी निर्धारण भएको दररेट अनुसार कार्य सम्पन्न आयोजनाहरुको यथार्थ परक कार्यको एकिन हुन नसकेको । | |
| | | |
| 15. | सार्वजनिक सुनुवाई -गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले वार्षिक रुपमा गरेको भए पनि वडा समितिले नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन । गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ । | |
| | | |
| 16. | भ्रमणखर्च नियमावली, २०६४ अनुसार भ्रमणको स्पष्ट प्रयोजन खुलाउनुपर्ने उल्लेख भएकोमा कतिपय भ्रमण आदेशहरुमा भ्रमणको स्पष्ट प्रयोजन खुलाउने नगरेको साथै भ्रमण प्रतिवेदनमा पनि स्पष्ट विवरण खुलाउने गरेको छैन । | |
| 17. | <u>फील्ड भत्ता /प्रोत्साहन भत्ता</u><br>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८६ (४१) बमोजिम स्थानिय सेवाको गठन संचालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा आधारभुत सिद्धान्त र मापदण्ड सँघिय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम व्यवस्था स्थानिय तहले बनाएको कानुन बमोजिम हुने | |

गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा रोल्पा लुम्बिनी प्रदेश नेपाल २०७४

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०८०/०८१ | | |
|---|---|---|
| | व्यवस्था छ ।यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिमको अतिरिक्त समय र विदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नम्स स्विकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहान भत्ता खुवाउने समेत अर्थ मन्त्रालयबाट स्विकृती लिनुपर्ने व्यवस्था छ पालिकाले प्राविधिक कर्मचारी हरुलाई फील्ड भत्ता तथा अन्यलाई अतिरिक्त समय भत्ता दिदा अर्थमन्त्रालयको स्विकृत लिएर मात्र दिनु पर्ने । | |
| | **कर तथा शुल्क असुली** – स्थानीयसरकार संचालन ऐन, २०७४कोदफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाले आफ्नो क्षेत्र भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित गरेको देखिएन। करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| | | |
| 18. | कार्यालयले आन्तरिक आम्दानीको शिर्षकगत राजश्व असूली अनुमान र यथार्थ असूलिको प्रतिवेदन तयार गरेको छैन। | |
| 19. | आन्तरिक आम्दानीको दैनिक आयव्यय तयार गरी दैनिक रुपमा उठेको राजश्वको रेकर्ड अद्यावधिक गर्नुपर्नेमा गरेको छैन। | |
| 20. | | |
| 21. | **कन्टिजेन्सि रकम कट्टी नगरि लागत ईष्टमेट तयार भएको :-** सार्वजनिक खरिद ऐन २०६४ को बमोजिम लागत अनुमान तयार गर्दा जम्मा बजेटबाट ४ प्रतिशतले हुन आउने रकम कट्टी गरेर मात्र लागत अनुमान तयार गरी निर्माण कार्य गर्नु पर्नेमा ऐनको पालना नगरी तपशिल बमोजिमका उ.स मार्फत गराएको कार्य नियम संगत देखिएन ।<br>क) गो भौ न ५१ मिति २०८१ ०३ ०५ डिमरे देखी चौर च्यानडाँडा सिचाई योजना निर्माण उपभोक्ता समितिले ७००००० को ४ प्रतिशत कन्टीजेन्सि कट्टी गरि ६७२००० को निर्माण कार्य गराउनु पर्नेमा ७००००० को नै लागत अनुमान तयार गरी निर्माण कार्य गराएकोले कन्टिजेन्सि वाफतको रकम २८००० नियम संगत देखिएन । | २८०००/- |
| 22. | **कार्य योजना:**-विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत, नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन | |

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०८०/०८१ | | |
|---|---|---|
| | गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ। कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना हुनुपर्दछ। | |
| | | |
| 23. | **निर्माण व्यवसायीबाट काम गराएको**<br>सार्वजनिक खरिद नियमावली २०७४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राहि समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट गराउन सकिने छैन उल्लेख छ । गाउँपालिका पुँजिगतबाट देहाय अनुसारका उपभोक्ता समितिले आफुले पाएको काम सबै निर्माण व्यवसायी मार्फत गराई भुक्तानी लिएको देखिन्छ । खरिद नियमावली बमोजिम उपभोक्ता आफैले सम्पादन गर्नु काम मात्र उपभोक्ता मार्फत गराउनु पर्ने तथा उपभोक्ता समितिले आफुले पाएको काम निर्माण व्यवसायीबाट गराएको कार्य नियम संगत देखिएन् । | १२६८४३१.८७/- |

| गो.भौ.न./मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | निर्माण व्यवसायी | हेभी उपकरणमा गरेको खर्च |
|---|---|---|---|---|
| ३३/२०८१/०२/३२ | बन्सारी देखी सेती बुराँस मो .बा . निर्माण उ.स. | २७२०००/- | भिम कुमाख निर्माण सेवा | २७२०००/- |
| ३१/ २०८१/०२/२९ | पनेरीखोला वस्नेउटा मो.बा. निर्माण उ.स . | ४७८०००/- | विश्व एण्ड टाईगर टप कन्ट्रक्सन प्रा.ली | ४८०९५६.८७/- |
| १०८/२०८१/०३/१८ | गंगादेव गा.पा. वडा नं ४को नाला निर्माण उ.स . | १०४६३५.६४/- | विश्व एण्ड टाईगर टप कन्ट्रक्सन प्रा.ली | १०४०००/- |
| १११/२०८१/३/२० | घोर्पेओडार ढीटपिटे मो.वा. निर्माण उपभोक्ता समिति | १९१०००/- | जि पि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.ली. | १९१०९०/- |
| १२०/२०८१/०३/२२ | गरेली खोका सेकाई मो बा निर्माण उ स | ३३६०००/- | पुष्कर निर्माण सेवा तालावाङ २ रोल्पा | २२०३८५/- |

**पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले

निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फर्छ्यौट नभई रु ७ लाख ५० हजार बाँकी म्याद नाघेकोले उक्त पेश्की नियमानुसार फर्छ्यौट गर्नुपर्ने रु

| पेश्की लगेको मिती | विवरण | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| २०८१-०३-२३ | झोलुङ्गे पुल निर्माण वाफत | स्यालाखोला झोलुङ्गे पुल निर्माण उ स | ७५०००० |

## पोभिजनल सम वाफतको रकम

क) पोभिजनल सम वाफतको रकम भुक्तानी गर्दा सो विल बमोजिमको रकम सोधभर्ना हनुपर्दछ । सिद्धार्थ मा वी भवन निर्माण कार्यको विभिन्न गुणस्तर परिक्षणका लागी प्रोभिजनल सम वाफत लागत अनुमान समावेश गरिएकोमा सो को विल विना रु ३० हजार भुक्तानी भएको छ । अत विल बिना भुक्तानी भएको उक्त रकममा उपभोक्ताको योगदान कटाई हुन आउने रु २६ हजार ८९८ असुल हुनु पर्ने ।

गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा रोल्पा
लुम्बिनी प्रदेश नेपाल
२०७३